## प्रेस ब्रिफिङ, २२ जनवरी २०१०

## करिन लनग्रेन, नेपालका लागि महासचिवका प्रतिनिधि

नमस्कार !

सुरक्षा परिषद् तथा शान्ति प्रक्रियाका बारेमा बोल्नुभन्दा पहिले १२ जनवरीमा हेइटीमा गएको भूकम्पमा परेर धेरैजनाले ज्यान गुमाएका कारण संयुक्त राष्ट्रसंघ आहत भएको कुरा बताउन चाहन्छु।

हेइटीका जनताले भोगिरहेका भयावह पिडाको अतिरिक्त संयुक्त राष्ट्रसंघले राष्ट्रिय, अन्तर्राष्ट्रिय कर्मचारीलगायत शान्ति स्थापक, स्वयम्सेवककासाथै परिवारका सदस्यहरूको क्षतिका कारण शोकमा छ। ज्यान गुमाउनेहरूमा हामीसँगै अन्यत्र काम गरेका कयौं सहकर्मीहरू पनि परेका छन्।

मृतकहरूमध्ये अन्मिनमा निर्वाचन कर्मचारीका रूपमा काम गरेर जानुभएकी केन्याकी निभाह ओडवरी पनि भएको पुष्टि भइसकेको छ। उहाँको परिवार र उहाँसँगै मृत्युवरण गरेका हाम्रा साथीहरूका साथै आफ्ना प्रियजनहरूको समाचार सुन्न आतुर धेरै परिवारहरूप्रति हाम्रो सहानुभूति छ।

हेइटीस्थित संयुक्त राष्ट्रसंघीय स्टेबलाइजेशन मिसनलाई सहयोग पुऱ्याउँदै आएका शान्ति स्थापनार्थ खटिएका नेपालको ठूलो सैनिक टुकडीलाई कुनै ठूलो क्षति नभएकोमा भने मैले राहत महसुस गरेकी छु। यहाँलाई थाहै छ, नेपाली शान्ति सैनिकहरूले उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याइ रहेका छन्।

अब शान्ति प्रक्रियाको सन्दर्भमा कुरा गरौं। ९ जनवरीमा नेपाल सरकारले अन्मिनको हालको कार्यादेश र सम्बन्धित कामलाई थप गर्नका लागि अनुरोध गर्दै संयुक्त राष्ट्रसंघका महासचिव वान की–मूनलाई पत्र लेखेको छ।

देशको संक्रमणकालीन अवस्थालाई ध्यान दिदैं र नेपालको आफ्नै अगुवाइमा सञ्चालित शान्ति प्रक्रियामा सहयोग गर्ने अन्मिनको भूमिकालाई स्वीकार गर्दै नेपाल सरकारले अन्मिनको कार्यादेश सन् २०१० को मे १५ सम्म थप गर्नका लागि अनुरोध गरेको छ। यो भोलिबाट सुरू भई १६ हप्तासम्मका लागि हुने छ ।

नेपालका राजनैतिक दलहरू सकारात्मक तथा तिव्र गतिमा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन पूर्ण प्रतिबद्ध छन् भनी सरकारले महासचिवलाई जानकारी दिएको छ।

हिजो, २१ जनवरीमा सुरक्षा परिषद्ले सरकारको अनुरोधलाई स्वीकार गर्दै अन्मिनको कार्यादेशलाई सन् २०१० मे १५ सम्म थप गर्ने प्रस्ताव १९०९ (२०१०) पारित गरेको छ।

नेपालको शान्ति प्रक्रियालाई सुरक्षा परिषद् पूर्ण समर्थन गर्छ र यो सफल भएको हेर्न चाहन्छ। बाँकी रहेको कार्यादेशभित्र अन्मिनको कामकारवाहीको आवश्यकता नपर्ने स्थिति सिर्जना गर्नका लागि सरकार र दलहरू मिलेर काम गरून भन्ने अपेक्षा गरिएको छ।

सुरक्षा परिषद्ले आग्रहबमोजिम आफ्नो फिर्तीसम्बन्धी प्रबन्ध मिलाउन हामी दलहरू तथा सरकारसँग छलफलका साथै काम गर्ने छौं।

तबसम्म अन्मिनले शान्ति प्रक्रियाको सहायतामा आफ्ना क्रियाकलापहरू जारी राख्ने छ।

सुरक्षा परिषद्ले आफ्नो प्रस्तावमा हालै भएका धेरै घटनाक्रमलाई उल्लेख गरेको छ, जसमा नाबालिग भएका कारण योग्य नठहरिएकाहरूसहित माओवादी सेनाका योग्य नठहरिएका सदस्यहरूको बिदाइ, उच्चस्तरीय राजनीतिक संयन्त्रको स्थापना, र माओवादी सेनाका सदस्यहरूको समायोजन तथा पुनर्स्थापनाको निम्ति ठोस र समयसीमा सहितको कार्ययोजनामा भएको प्रगति छन्।

सुरक्षा परिषद्को उक्त प्रस्ताव अन्मिनको वेभसाइटमा चाडैं नै उपलब्ध हुनेछ।

एक हप्ताअघि मैले सुरक्षा परिषद्मा प्रस्तुत गरेको मेरो ब्रिफिङ र सुरक्षा परिषद्मा महासचिवद्वारा प्रस्तुत भएको प्रतिवेदनको बारेमा केही भन्न चाहन्छु।

सुरक्षा परिषद्मा प्रस्तुत गर्नका निम्ति प्रतिवेदन तयार गरेपश्चात धेरै घटनाक्रमहरूको विकास भइसकेको छ। अनुवाद तथा प्रकाशन गर्न हप्ता-दश दिन आवश्यक भएको कारण हालै विकसित घटनाहरू पूर्णरूपमा महासचिवको प्रतिवेदनमा उल्लेख गरिएको छैन। म आफैं उपस्थित भएर सुरक्षा परिषद्मा प्रस्तुत मेरो ब्रिफिङको आशय सुरक्षा परिषद्लाई पूर्ण रूपमा अध्यावधिक गर्नु हो।

दलहरूबीच केही संवाद भएतापनि विविध संवेदनशील विषयहरूमा सहमति जुटन नसकेको र अक्टोबर देखि डिसेम्बरसम्मको अवधिमा शान्ति प्रक्रिया प्राय अवरूद्ध रहेको महासचिवको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनमा विशेष समितिले आफ्नो कार्यलाई अगाडि बढाउन नसकेको, उच्चस्तरीय राजनीतिक संयन्त्रको गठन हुन नभएको र मुठभेडपूर्ण स्थिति रहेको टिप्पणी गरिएको छ।

यस रिपोर्टिङ अवधिको अन्यतिर सुरू भएको स्वागतयोग्य लचकताको संकेतले निरन्तरता पाएको छ र यो कुरा गत शुक्रबार १५ जनवरीमा सुरक्षा परिषद्मा प्रस्तुत मेरो ब्रिफिङमा उल्लेख छ।

उक्त ब्रिफिङमा मैले शान्ति प्रक्रिया कमजोर भएको प्रकाश पारेकी थिए तर शान्ति प्रक्रियाका प्रमुख मुद्दाहरूको सम्बोधन गर्न राजनीतिक नेताहरूले देखाएको तत्परता तथा सरकार र दलहरूद्वारा हालै चालिएका कदमहरूले नेपालको लोकतान्त्रिक रूपान्तरणको लागि ताजा र रचनात्मक चरणको संकेत दिएको छ।

यी घटनाक्रमहरूका बारेमा म केही बताउन चाहन्छु। माओवादी सेनाका सदस्यहरूको समयसीमा सहितकझ समायोजन तथा पुनर्स्थापना योजनाका सम्बन्धमा सरकार तथा माओवादीले सिद्धान्तत व्यक्त प्रतिबद्धताबाट सुरु गरौं।

माओवादी सेनाका सदस्यको समायोजन र पुनर्स्थापनका सम्बन्धमा निश्चित समय भित्र सम्पन्न गर्ने गरी सरकार र एनेकपा (माओवादी) बीच भएको सैद्धान्तिक सहमतिको सुरक्षा परिषद्ले स्वागत गर्नुका साथै त्यसको कार्यान्वयन तथा समापनको सुनिश्चतताका लागि सहकार्य गर्न आव्हान गर्छ।

यी यस्ता कुरा हुन जसमा सहमति भएपछि शान्ति प्रक्रिया वास्तवमै अगाडि बढाउन सहयोग पुग्नेछ र अन्मिनलाई आफ्नो काम सम्पन्न गर्ने पनि मौका मिल्नेछ। अन्मिनले सरकार र माओवादीसँग

अन्मिनलाई आफ्नो काम पूरा गर्नका लागि सहज हुने स्थिति सिर्जना गर्न आह्वान् गरिरहेको छ यो वास्तवमै उत्साहजनक कुरो हो।

युद्धविरामको समयमा नाबालिग भई सन् २००७ मा योग्य नठहरिएका माओवादी सेनाका सदस्यहरूको बिदाइसम्बन्धी कार्ययोजनामा सरकार, एनेकपा (माओवादी) र संयुक्त राष्ट्रसंघले हस्ताक्षर गरेका छन्। डिसेम्बर १६ मा सहमतिमा हस्ताक्षर भएपछि सिन्धुली, चितवन र नवलपरासी गरी तीन शिविरहरूमा बिदाइ कार्यक्रम सम्पन्न भइसकेका छन्।

उक्त कार्यक्रमहरू समग्रमा विना अवरोध सम्पन्न भएका छन्। सम्भवतः योग्य नठहरिएका लडाकुहरू मध्ये ४०% जतिले यस अघि नै शिविर छाडिसकेको हुनसक्छ । शिविरमा सम्पन्न समारोहमा भाग लिए या नलिए पनि सुरूमै योग्य नठहरिएकाहरू सबै औपचारिक रूपमा बिदाइ गरिनेछ।

बिदाइ गरिएका सबै व्यक्तिहरू तय गरिएका सहायता प्याकेजहरूका निम्ति योग्य हुने छन्। शैक्षिक या शिपमुलक तालिमजस्ता सहायता लिने या नलिने कुरा व्यक्तिहरू आफैंमा निर्भर रहने छ। उपलब्ध गराइने सहायता लिने या नलिने कुराको निर्णय एक बर्षभित्र गरिसक्नु पर्नेछ। यस अघि नै शिविर छोडिसकेका व्यक्तिहरूको हकमा पनि यो लागू हुने छ।

प्रत्येक सहायता करीब १ लाख रूपैयाँ बराबरका छन् र उक्त सहायता अन्तर्राष्ट्रिय अभ्यास एवम् मापदण्डबमोजिमका छन्। राष्ट्रसंघ तथा अन्य दातृ निकायको सहयोगमा शान्ति तथा पुनर्निमाण मन्त्रालयले सहयोग प्रबन्धको कार्यान्वयन गर्ने छ।

बिदाइ भएर जानु हुने व्यक्तिहरूको भविष्य मुलुकका निम्ति निकै महत्त्वपूर्ण हुनुका साथै द्वन्द्वका क्रममा बालबालिकालाई प्रयोग गर्ने समूहको रूपमा महासचिवको वार्षिक प्रतिवेदनको सूचिबाट एनेकपा (माओवादी) लाई हटाउनको लागि पनि यो महत्त्वपूर्ण छ।

युनिसेफको नेतृत्वमा नेपालस्थित राष्ट्रसंघीय टोलीले "अनुगमन संयन्त्र" स्थापना गरेको छ। यसमा अन्मिनको कुनै भूमिका छैन।यसले युद्धविरामका बेलामा १८ वर्ष नपुगेकाका कारण बिदाइ भएकाहरूको आवश्यक स्थलगत निरिक्षण गर्ने छ।

सुरक्षा परिषद्ले उच्चस्तरिय राजनीतिक संयन्त्रको स्थापनाको स्वागत गरेको छ। शान्ति प्रक्रियाका लागि सहमति र आपसी विश्वासको वातावरणको निर्माण आवश्यक रहेको कुरा स्विकार गरिएको छ र यसले शान्ति प्रक्रियाको महत्वपूर्ण पक्षहरूको सवलिकरणमा योगदान पुर्‍याउने आशा राखिएको छ।

धेरै समयपछि १६ डिसेम्बर यताका दिनमा शान्ति प्रक्रियामा सकारात्मक प्रगति भएकोछ। मैले परिषद् समक्ष भनेझैं शान्ति प्रक्रिया अझै खतरा मुक्त भने छैन। केही उक्साहटपूर्ण गतिविधिहरू भएकाछन्, असन्तुष्टिहरू व्यक्त भएका छन् वा प्रक्रियाका सम्बन्धमा व्यक्त प्रतिवद्धताहरू नै धर्मराएका छन् अझ भनौं गम्भीर मुठभेड दखिएका छन्।

शान्ति प्रक्रियालाई सफल निष्कर्षमा पुर्‍याउनका लागि पक्षहरूलाई अवसर पनि छ र यस सम्बन्धमा नेपालले प्रस्तुत गरेको शसक्त उदाहरणलाई निरन्तरता दिइनु पर्छ।

के समायोजन र पुनर्स्थापनाका काम ११२ दिनमा सम्पन्न होला त? समयसीमा महत्त्वाकांक्षी छ र यो चुनौतिपूर्ण लक्ष्य पूरा गर्न पक्षहरू प्रतिबद्ध छन्।

यससम्बन्धी योजनाका अवयवका बारेमा अझै काम भइरहेको छ। हामीले बुझेसम्म कति सङ्ख्यामा कुनकुन सुरक्षा बलमा माओवादी सेनाको भूतपूर्व सदस्यको समायोजन गर्ने, यो कुरालाई भर्तिका लागि पूरा गर्नु पर्ने मापदण्ड र नेपालको सुरक्षा आवश्यकताजस्ता कुरासँग कसरी जोडनेसम्बन्धमा राजनीतिक सहमति खोज्ने काम भइरहेको छ।

माओवादी सेनाको रेखदेख, समायोजन र पुनर्स्थापनासम्बन्धी विशेष समितिअन्तर्गतको प्राविधिक समिति माओवादी सेनाका सदस्यहरूको सुरक्षा बलमा समायोजनका लागि आवश्यक प्राविधिक कदमका बारेमा धेरै नै जानकार छ। यसैगरी शान्ति तथा पुनर्निर्माण मन्त्रालय र एनेकपा (माओवादी)मा संलग्नहरू पनि पुनर्स्थापनाका बारेमा धेरै जानकार हुनुहुन्छ।

निकट भविष्यमै अन्मिनको काम व्यवस्थित ढङ्गबाट समापन गर्न सकिनेछ भन्ने हाम्रो आशा अनि लक्ष्य पनि रहेको छ। अन्मिन, महासचिव र सुरक्षा परिषद्का सदस्यहरूले धेरै अघिदेखि नै अन्मिनलाई आफ्नो काम सम्पन्न गर्न सहज स्थिति सिर्जना गरिदिन पक्षहरूलाई आग्रह गरिरहेको छ र पक्षहरू कार्ययोजनामा सहमति भएमा त्यसले अन्मिनको बहिर्गमनको रणनिति तय गर्न सघाउने थियो भन्ने हामीले अपेक्षा गरेकाछौं।

यो समय शान्ति प्रक्रियाको लागि निकै महत्त्वपूर्ण र संवेदनशील घडि हो । सुरक्षा परिषद्ले नेपालका सबै राजनीतिक पार्टीलाई शान्ति प्रक्रियालाई गति प्रदान गर्न तथा शान्तिपूर्ण लोकतान्त्रिक तथा समुन्नत भविष्य तर्फ मुलुकलाई अगाडि बढाउन र रूपान्तरणलाई निरन्तरता दिन सहकार्य, आमसहमति र समझदारीको भावले मिलेर काम गर्न आव्हान गरेको छ। त्यसैले सबै पक्षलाई आत्मसंयम् अपनाउन र हालैका दिनमा देखाइएको उत्पादनशिलताका साथ अगाडि बढन हामी प्रोत्साहन गर्छौं।

धन्यवाद।